# नेपाल गजेट

## भाग ६

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग १८ गते २०१२ साल

### प्र. मन्त्रालय राज्यव्यवस्थाको सूचना

मुलुकको सर्वतो—मुखी विकाशको सिलसिलामा नेपालमा शिक्षाको विकाश गर्नका लागि र नेपालका जनताका माागको पूर्ति गर्न बन्न लागेको विश्वविद्यालय स्थापना गर्ने निर्णय भई उक्त विश्वविद्यालय कुन ठाउँमा राखे ठीक पर्ला भनी निरीक्षण भएकोमा काठमाडौं सहरबाट दक्षिण पश्चिमस्थित तल दफा १ मा लेखिएको चार किल्लाभित्र पर्ने जग्गा उत्तम ठहरिन आई सोही ठाउँमा विश्वविद्यालय रहने निश्चय भइसकेकोले लेखिएका चार किल्लाभित्र पर्ने सबै जग्गा वा घरका धनीलाई जग्गा जमीन गोस्वाराका ५ नम्बरबमोजिम दिइने मोल तोक्ने कामका निमित्त कारबाई भैरहेको सो काम सक्न केही समय लाग्न जाने र हाल विश्वविद्यालयको काम शुरु गरी हालको निमित्त लेखिएका चारकिल्लाभित्रको जग्गामध्येबाट रैकर जग्गा करीब ५०० पाँचसय तुरुन्तै सरकारले विश्वविद्यालयको निमित्त लिने भएको हुँदा देहायबमोजिम सूचना जारी गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. त्रिभुवन विश्वविद्यालयका निमित्त लिइने भएको जग्गाको चारकिल्लाः-

| | | |
|---|---|---|
| बागमती नदी | देखि | पश्चिम |
| कीर्तिपुरबाट कालीमाटी पुग्ने बाटो | ऐ | पूर्व |
| पाँगा जाने नयाँ बाटो भाजांगाल र कीर्तिपुर | ऐ | उत्तर |
| बल्खु खोला | ऐ | दक्षिण |

२. दफा १ बमोजिम सरकारबाट लिइने भएको जग्गामा यो सूचना प्रकाश भएपछि नयाँ घर बनाउन र सरकारको इजाजतबेगर अरू कसैलाई कुनै प्रकारबाट लिने दिने गर्न हुँदैन।

३. विश्वविद्यालयको निमित्त लिइन जग्गामा पर्ने जग्गाका धनी र मोहीसमेतलाई विश्वविद्यालयको इमारत बनाउने र पछि स्टाफमा लिने काममा समेत सकभर योग्यतानुसार प्राथमिकता दिइनेछ र अरू कुराको पनि हुनेसम्मको सुविधा दिइनेछ।

४. दफा १ मा लेखिएका चार किल्लाभित्रको जमीन कारणवश तुरुन्तै बिक्री गर्न वा भोग दृष्टिमा राख्न पर्ने हुन आएमा सरकारलाई नै बिक्री गर्नु पर्नेछ।

५. जग्गावालालाई सरकारबाट दिने भएको क्षतिपूर्तिसम्बन्धी कुराको र जग्गाको तिरो काट्ने सम्बन्धी कुराको निर्णय गर्नाको लागि आफ आफ्ना जग्गाको नामी खेतमा, नम्बरी, रसीद र जग्गा आफ्नु हकको हो भन्ने देखिने अरूको भएका कागज प्रमाणसमेत लिई सूचना जारी भएका मितिले ३५ दिनभित्र कीर्तिपुर मालमा हाजिर हुन आउनू।

आज्ञाले—

माणिकलाल,

वा.मु. सेक्रेटरी—प्र.म. राज्यव्यवस्था तथा गृहमन्त्रालय.

## प्रधान मन्त्रालय राज्यव्यवस्थाको सूचना

१८(ख)१८। १८।८।०१३

माननीय प्रधान मन्त्री श्री टंकप्रसाद आचार्य भारत सरकारका निमन्त्रणमा २०१३ माग १८ गते भारतको राजकीय भ्रमणका निम्ति जानुभएकोले वहाँले चलाइरहनुभएका विभागहरू माननीय रक्षामन्त्री श्री पुरेन्द्रविक्रम शाहले चलाउनुहुनेछ।

आज्ञाले—

माणिकलाल,

वा.मु. सेक्रेटरी—प्रधान मन्त्रालय राज्य व्यवस्था,

३२६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।